मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः १ | अङ्कः ५ | मितिः २०७९ कार्तिक १० गते, बिहिबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः प्रेमचन्द्र अर्याल | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति







## मर्स्याङ्दी गाउँपालिकाको विशेष गाउँसभा १३ औं अधिवेशन सम्पन्न




मिति २०७९ असोज ३ गते मर्स्याङ्दी गाउँपालिकाको विशेष गाउँसभा सभाध्यक्ष तथा मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको अध्यक्षतामा सम्पन्न भएको । जसमा गाउँपालिका उपाध्यक्ष जुनामाया थापा, गाउँसभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत प्रेमचन्द्र अर्याल र शाखा प्रमुखहरुको उपस्थित रहेको थियो। उक्त सभामा आर्थिक वर्ष २०७४/७५ देखि २०७७/७८ सम्म महालेखा परीक्षकबाट औल्याइएका बेरुजुको सम्बन्धमा दफावार छलफल गरी सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयलाई पठाउने प्रमुख निर्णय भएको थियो भने केहि योजनाहरुको नाम संशोधन तथा रकमान्तर गर्ने निर्णय गरी सभा सम्पन्न भएको थियो ।






## खानेपानी योजनाको उद्घाटन सम्पन्न

मिति २०७९ असोज १० गते मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ (साबिक भुलभुले १ र २) स्थित भुलभुले खानेपानी तथा सरसफाई उपभोक्ता समिति द्वारा निर्मित खानेपानी योजना मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूबाट उद्घाटन सम्पन्न भएको थियो। उक्त खानेपानी आयोजनाबाट १८५ घरधुरी लाभान्वित हुनि भएका छन् ।





विविध | क्रियाकलाप
# मर्स्याङ्दी बुलेटीन
वर्षः १ | अङ्कः ५ | मितिः २०७९ कार्तिक १० गते, विहिबार
संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः प्रेमचन्द्र अर्याल | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न

"समृद्ध आधुनिक हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार; कला संस्कृतिको संरक्षण कृषि, पर्यटन, उर्जा र पूर्वाधार" भन्ने मुल नारालाई आत्मसाथ गर्दै चालु आर्थिक वर्ष २०७९/७० का योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि योजनाका पदाधिकारीहरुलाई विभिन्न मिति समय र स्थानमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो ।जसमा गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, उपाध्यक्ष जुना माया थापा, प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा प्रमुख र प्राविधिक शाखाका कर्मचारीहरुको आतिथ्यमा सम्पन्न भएको



थियो भने कार्यक्रमको अध्यक्षता सम्बन्धित वडाका वडा अध्यक्ष ज्यूहरुले गर्नुभएको थियो । उक्त अभिमुखिकरण कार्यक्रममा योजना सम्झौता देखि योजना सम्पन्न पश्चात भुक्तानी प्राप्ति र योजनाको प्रभावकारी उपयोग सम्मका क्षेत्र समटिएको थियो ।







## स्व. डा. हर्क गुरुङको १६ औं स्मृति दिवस तथा श्रद्धाञ्जली सभा सम्पन्न







मिति २०७९ असोज ७ गते डा. हर्क गुरुङ प्रतिस्ठानको आयोजनामा भुगोलविद् स्व. डा. हर्क गुरुङको १६ औं स्मृति दिवस तथा श्रद्धाञ्जली सभामा संविधान सभा सदस्य एवं पूर्व सांसद माननीय जमिन्द्रमान घलेज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।उक्त कार्यक्रमको विशेष अतिथि मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यू, डा. हर्क गुरुङको भाउजू तोला गुरुङ, उपाध्यक्ष जुना माया थापा, अतिथिहरु क्रमशः मर्स्याङ्दी गाउँ कार्यपालिका सदस्य पुर्ण गुरुङ, मिना कुमारी नेपाली, पुर्व वडा अध्यक्ष युवा घले, वडा सदस्यहरु, मा.बि. र आविका प्र.अहरु, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, विद्यार्थीहरु, बुद्धिजीवी तथा



समाजसेवीहरुको उपस्थिती थियो । साथै महेन्द्र देव मा.वि का प्र. अ. सोमबहादुर भण्डारीले स्वागत मन्तव्य, प्रतिस्ठानका अध्यक्ष तिलबहादुर गुरुङले संस्थाको बार्षिक प्रगती प्रतिबेदन, सदस्य कमला गुरुङले धन्यवाद मन्तव्य र सचिव शेर बहादुर थापाले सहजीकरण गर्नुभएको थियो ।

## विपद् व्यवस्थापन स्थानियकरण कार्यक्रम

मिति २०७९ असोज २८ गते चट्टानको बगैंचा अर्थात् "रक गार्डेन होम स्टे" मर्स्याङ्दी गाउँपालिका वडा नं. ५, खानिगाउँ स्थित मर्स्याङ्दी गाउँपालिकाको आयोजना र NSET गण्डकी प्रदेशको प्राबिधिक सहयोगमा बिपद् जोखिम व्यवस्थापनमा स्थानीय सरकाको क्षमता अभिवृद्धिका लागि २ दिने "बिपद ब्यबस्थापन स्थानियकरण



तालिम" मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यू द्वारा उद्धघाट्न भई सम्पन्न भएको थियो। उक्त कार्यक्रममा मर्स्याङ्दी गाउँपालिकाकाका उपाध्यक्ष जुनामायाँ थापा, प्रमुख प्रशाशकिय अधिकृत प्रेमचन्द्र आर्याल, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु र बिषयगत शाखाप्रमुखहरुको उपस्थितिमा



NSET गण्डकी कार्यक्रम प्रमुख किरण सेढाईले "विपद जोखिमहरुबारे बुझाई, विपद् जोखिम सम्बन्धी नेपाल सरकारका नितिहरु र प्राथमिकताहरु" र मर्स्याङ्दी गाउँपालिका प्रशासन शाखा प्रमुख अर्जुन चपाईले "स्थानिय तहमा बिपद् जोखिम ब्यस्वथापन सुशासन स्थानीय बिपद् जोखिम ब्यवस्थापन ऐन" बारे अभिमुखिकरण गर्नुभएको थियो।


## मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

- भरत राज बाँस्तोला
- बसन्त बरुवाल
- सुनिता दर्शौंदी
- रुपा वंशी मगर
- सरोज गुरुङ